प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

फोन नं. ०२१५७२९०६
०२१५७४३३१
०२१५७५७८५
०२१५७११४०
०२१५७३६७६
०२१५७४१६८


प.सं. २०८०।०८१
च.नं. 51

२०८०।०४।२२

विषयः आ.व. २०८०/०८१ को अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन सम्बन्धमा।

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू
स्थानीय तहहरु (सबै १३७),
कोशी प्रदेश।

उपर्युक्त विषयमा कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० र कोशी प्रदेश आर्थिक अध्यादेश, २०८० मिति २०८० जेठ ३२ गते प्रदेश प्रमुखबाट प्रमाणीकरण भई सार्वजनिकीकरण भइसकेको व्यहोरा यहाँहरुलाई अवगत नै छ। उक्त अध्यादेश र प्रचलित कानूनमा व्यवस्था भए अनुरुप आयोजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन गर्नुपर्ने हुँदा ती प्रावधानहरु सहितको मार्गदर्शन मिति २०८०।०४।२१ (मन्त्रिस्तर) को निर्णयानुसार यहाँहरुको जानकारीको लागि पठाइएको छ। कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० का प्रावधानहरु, प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ र प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यविधी, २०७५ (दोस्रो संशोधन समेत) मा भएका व्यवस्था र प्रस्तुत मार्गदर्शनबाट वित्तीय हस्तान्तरण र आयोजना/कार्यक्रम कार्यान्वयनमा सहजता आउनेछ। आफ्नो स्थानीय तहमा स्वीकृत समपूरक अनुदानका आयोजना/कार्यक्रमहरु, विषयगत मन्त्रालयबाट स्वीकृत सशर्त अनुदान तर्फका कार्यक्रम/आयोजनाहरु र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट गरिएको विवरण तहाँ स्थानीय तहलाई उपलब्ध गराइएको PLMBIS User बाट हेर्न सकिनेछ। बजेटसँग सम्वन्धित अन्य सम्पूर्ण प्रकाशनहरु यस मन्त्रालयको वेभसाइट moeap.koshi.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

**अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धीः**

(१) वित्तीय हस्तान्तरणको उपयोग नेपालको संविधान, दिगो विकास लक्ष्य, पन्ध्रौं योजना र प्रदेशको प्रथम आवधिक योजनाले निर्दिष्ट गरेका क्षेत्र र मार्गदर्शन बमोजिम गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

फोन नं. ०२१५७२९०६
०२१५७४३३१
०२१५७५७८५
०२१५७११४०
०२१५७३६७६
०२१५७४१६८

प.सं. २०८०।०८१
च.नं.

(२) वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको असोज २ गते, मंसिर २ गते, फाल्गुन २ गते र ज्येष्ठ २ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(३) मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति वा कुनै कारणबाट लक्ष्य अनुसार राजश्व संकलन हुन नसके वा संघबाट प्राप्त गर्नुपर्ने अनुमान अनुसारको राजस्व बाँडफाँडको रकम कम प्राप्त भएमा र प्रदेश सरकारले संघबाट पाउनु पर्ने समानीकरण अनुदान प्राप्त गर्न नसकेमा बुँदा नं. २ बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता संकलित राजस्व, बाँडफाँडबाट प्राप्त राजस्व र समानीकरण अनुदान प्राप्तिको अनुपातको आधारमा प्रदेश सरकारले पुनःनिर्धारण गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्नेछ।

(४) वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते भित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्ष (२०८१/०८२) को श्रावण मसान्त भित्र तथा बुँदा नं. ३ बमोजिम प्रदेश सरकारबाट हस्तान्तरण भएको खर्च विवरण प्रदेश सरकारले निर्धारण गरेको समयमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

(५) बुँदा नं. ४ बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा हस्तान्तरण गरिने छैन ।

(६) सशर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको असोज २ गते हस्तान्तरण गर्नेछ ।खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा सोही आर्थिक वर्षको क्रमशः पौष २५ र बैशाख २५ मा दोश्रो र तेश्रो किस्ता हस्तान्तरण गर्नेछ।

(७) स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही क्षेत्रको योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने

फोन नं. ०२१५७२९०६
०२१५७४३३१
०२१५७५७८५
०२१५७११४०
०२१५७३६७६
०२१५७४१६८

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

प.सं. २०८०।०८१
च.नं.

अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको अनुमान सहितको कार्ययोजना ,मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँसभा र नगरसभाले पारित गरेको राजस्व र व्ययको अनुमान श्रावण मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

(८) बुँदा नं. ७ बमोजिमको कार्ययोजना बमोजिम भौतिक प्रगती तथा खर्च भएको रकमको विवरण स्थानीय तहले प्रत्येक आर्थिक वर्षको मंसिर १५ गते, चैत्र १५ गते, असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्ष (२०८१/०८२) को श्रावण मसान्तसभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

(९) बुँदा नं. ८ बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बुँदा नं. ६ बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको शसर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनुपर्नेछ।

(१०) प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन समेत) बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपूरक अनुदानको रकम हस्तान्तरण गर्नुपर्नेछ।

(११) समपूरक अनुदान रकमको एक तिहाइले हुन आउने पहिलो किस्ता बापतको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्वन्धित स्थानीय सञ्चित कोषमा आर्थिक वर्षको असोज २ गते दाखिला गर्नेछ।

(१२) समपूरक अनुदान अन्तर्गत संचालन हुने गरी छनौट भएका आयोजना/कार्यक्रमको लागि विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण गर्न, आयोजना/कार्यक्रमको नाम, क्रियाकलाप, आयोजनाको स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना/कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै अन्य कार्यक्रममा रकमान्तर गर्न पाईने छैन।

(१३) समपूरक अनुदानको हकमा सम्वन्धित स्थानीय तहले अनिवार्य रुपमा कुल लागतको न्यूनतम ३५ प्रतिशत खर्च व्यहोर्ने सुनिश्चित गरेर मात्र खरिद प्रक्रिया अगाडी बढाउनुपर्नेछ।

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

फोन नं. ०२१५७२९०६
०२१५७४३३१
०२१५७५७८५
०२१५७११४०
०२१५७३६७६
०२१५७४१६८

प.सं. २०८०।०८१
च.नं.

(१४) समपूरक अनुदानका आयोजनाहरु वहुवर्षिय खरिद प्रकृयामा जानुपर्ने भएमा आगामी वर्षहरुका लागि स्रोतको व्यवस्थापन गर्दा सम्वन्धित स्थानीय सञ्चित कोषबाट मात्र खर्च व्यवस्थापन गर्नुपर्नेछ।

(१५)प्रदेश समपूरक अनुदान अन्तर्गत कार्यान्वयन गरिने आयोजनाहरु "प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन समेत)" को दफा ९ को उपदफा १(ग) बमोजिम उपभोक्ता समिति मार्फत खर्च गर्न पाइने छैन।

(१६)समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रममा खर्च भएको रकमको विवरण स्थानीय तहले पौष महिनाको १५ गते, बैशाख महिनाको १५ गते र वार्षिक आर्थिक विवरण श्रावण मसान्तसम्ममा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनुपर्नेछ।

(१७)बुँदा नं. १६ बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बुँदा नं. ११ बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको समपूरक अनुदानको पहिलो किस्ता वाहेक बाँकी रकम खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा क्रमशः पौष २५ र बैशाख २५ मा दोश्रो र तेश्रो किस्ता हस्तान्तरण गर्नेछ। तर बुँदा नं. १५ बमोजिमको खर्चको विवरण प्राप्त नभएसम्म बाँकी किस्ता सम्वन्धित स्थानीय सञ्चित कोषमा दाखिल गरिने छैन।

(१८)सशर्त र समपूरक अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत भएको रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्रदेश संचित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

(१९)बुँदा नं. १८ बमोजिम अनुदानको रकम फिर्ता दाखिला नभएमा विषयगत मन्त्रालयको निर्णय अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँडको रकमबाट कट्टा गरी समायोजन गर्न सक्नेछ।

(२०)प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको सशर्त र समपूरक अनुदान मार्फत सञ्चालन हुने आयोजना/कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भइसकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन

Website: moeap.koshi.gov.np
E-mail: info.moeap@p1.gov.np

फोन नं. ०२१५७२९०६
०२१५७४३३१
०२१५७५७८५
०२१५७११४०
०२१५७३६७६
०२१५७४१६८


प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

प.सं. २०८०।०८१

च.नं.

पाइने छैन। यसरी बचत हुने रकम सम्वन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ।

<u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः</u>

(२१) स्थानीय तहले आफुले उठाएको राजस्व र कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ।

(२२) बुँदा नं. २१ बमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुनेगरी बनाउनु पर्नेछः-

- नेपाल सरकार र प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुसरण गर्ने,
- सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,
- अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्ने,
- पूँजीगत खर्चतर्फ बिनियोजित रकम चालु खर्चमा रकमान्तर नगर्ने,
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र अन्य प्रचलित संघीय तथा प्रदेश कानूनले निर्दिष्ट गरेबमोजिमको आय व्ययको वर्गीकरण, लेखांकन तथा प्रतिवेदन प्रणाली लागु गर्ने ।

०८०।०४।२२

(दुर्गा ढकाल)

शाखा अधिकृत

वोधार्थः

श्री महालेखा परिक्षकको कार्यालय, बबरमहल, काठमाण्डौ।

श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाण्डौ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर।

श्री प्रदेश योजना आयोग, कोशी प्रदेश, विराटनगर।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगरः प्रतिवेदन प्रणालीलाई व्यवस्थित गरी कार्यान्वयनका लागि अनुरोध छ।